सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक, ललितपुर

प्रेस विज्ञप्ति

प्रकाशित मितिः २०८०/३/२१

(अभियोग-पत्र दायर गरिएको सम्बन्धमा)

विल्वा भूमिवन प्रा.लि. को नाउँमा दर्ता कायम रहेको बारा जिल्लाको जग्गा डेनियल ट्रेडिङ्ग प्रा.लि. ले खरिद गरेको भन्ने व्यहोराका फर्जी कागजातहरु खडा गरी कर्जा प्रयोजनका लागि कुमारी बैंक लिमिटेडमा पेश गरी लिखत सम्बन्धी कसूर गरेको अभियोगमा काठमाडौं जिल्ला अदालतमा दायर भई विचाराधिन अवस्थामा रहेको वादी नेपाल सरकार प्रतिवादी डेनियल ट्रेडिङ्ग प्रा.लि. का संचालक मुक्तिनाथ गौतम समेत भएको उक्त लिखत कसूर सम्बन्धी सम्बद्ध कसूर मुद्दाको रोहबाट सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा जाँचबुझ र अनुसन्धान हुँदा कुमारी बैंक लिमिटेडका तत्कालिन प्रमुख कार्यकारी अधिकृत अनुजमणी तिमिल्सिना र सो बैंकका तत्कालिन न्यूरोड शाखा प्रमुख समेतको मिलेमतोमा फर्जी कागजातका आधारमा लिएको कर्जा रकम मेरलायन इन्टरप्राइजेज कम्पनि प्रा.लि. (कानुनी व्यक्ति) को प्रयोग गरी गराई प्रतिवादीहरुले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क) (ख) (ग) ले निषेधित कार्य गरी गराई प्रतिवादीहरुले सम्पत्ति शुद्धीकरणको कसूर गरेको तथ्य स्थापित हुन आएकाले उक्त कसूरमा संलग्न प्रतिवादीहरु जना-एघार (कानुनी व्यक्ति सहित) लाई कूल विगो रु. १,१०,४३,३६,४००/- (एक अर्ब दश करोड त्रिचासिल लाख छत्तिस हजार चार सय रुपैया मात्र) कायम गरी सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) (२) (७) तथा (८) बमोजिमको अलग-अलग सजाय हुनका साथै कसूरवाट प्राप्त सम्पत्ति समेत सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१) र (२) बमोजिम जफत गरी पाउन मागदावी लिई आज सम्मानित विशेष अदालतमा अभियोग पत्र दायर गरिएको छ ।